# अचल सम्पत्ति अधिग्रहण नियमहरु, २०१६

(मिति २०७५ जेठ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको )

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# अचल सम्पत्ति अधिग्रहण नियमहरु, २०१६

नेपाल राजपत्रमा प्रकाशित मिति
२०१६।१२।२२

अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. (१) यी नियमहरुको नाम “अचल सम्पत्ति अधिग्रहण नियमहरु, २०१६” रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

(क) ऐन भन्नाले अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ सम्झनु पर्छ ।

(ख) धनीको वा चलन गर्नेको तहवील भन्नाले वा चलन गर्नेको घर जग्गा हेरचाह गर्नेमा जिम्मा लिई राखेका व्यक्ति वा व्यक्तिहरुको समूह सम्झनु पर्छ र सो शब्दले त्यस्ता धनीको वा चलन गर्नेको कारिन्दा वा नोकरलाई समेत जनाउँछ ।

(२) यी नियमहरुको व्याख्यामा नेपाल कानून ब्याख्या सम्बन्धी ऐन, २०१० प्रयोग गरिनेछ ।

३. ऐनको दफा ३ अन्तर्गत धनी वा सो सम्पत्ति कुनै किसिमसँग चलन गर्ने कुनै व्यक्तिका नाउँमा दिने लिखित सूचना धनी वा चलन गर्ने व्यक्तिका हातमा नै दिएमा बाहेक देहाय बमोजिम दिएमा समेत यस ऐन बमोजिम दिएको मानिने छ :-

(क) धनी वा चलन गर्नेको तहवील भएकोमा सो तहवीललाई बुझाई दिएमा, वा

(ख) धनी वा चलन गर्नेको एकाघरको उमेर पुगेको कुनै व्यक्तिलाई दिएमा, वा

(ग) सम्बन्धित घर जग्गाको देख्ने ठाउँमा टाँसी दिई सरजमीनको घटीमा २ जनासम्म मानिसले मुचुल्का गरी दिएमा ।

४. ऐनको दफा ४ अन्तर्गत दिने लिखित सूचना नियम ३ बमोजिम तामेल गरिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

द्रष्टव्य : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :
“श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।